# अर्थ बुलेटिन

वर्ष ६ अंक ९ चैत, २०८१

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- सार्वजनिक वित्तका सूचक सकारात्मक रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को चैतसम्म संघीय सरकारको राजस्व परिचालन तथा कुल खर्च दुवै वृद्धि भएको छ। सार्वजनिक ऋण असार मसान्तको तुलनामा ९.६ प्रतिशतले वृद्धि भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.३९ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ दुवै समूहको मुद्रास्फीति घटेको छ।
- कुल वस्तु आयात १२.२ प्रतिशतले र निर्यात ६५.२ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। व्यापार घाटा भने ६.४ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक रोजगारमा नयाँ श्रम स्वीकृति लिई जाने कामदार तथा पुनः श्रमस्वीकृती लिने कामदारको संख्या समेत गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै, विप्रेषण आप्रवाहमा १०.० प्रतिशतले वृद्धि भएको छ। पर्यटन आगमन सिमान्त दरले कमी आएको छ भने पर्यटन क्षेत्रबाट प्राप्त हुने आयमा ९.५ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा ११७.३ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ।
- चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति बढेको छ।
- अर्थतन्त्रका बाह्य सूचक सबल र सुदृढ छन् भने आन्तरिक सूचकहरुमा सुधार हुँदै गएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ९ खर्ब ९ अर्ब ३९ करोडको तुलनामा ९.८ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ९८ अर्ब ५२ करोड पुगेको छ। यस अवधिमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः ५.३ प्रतिशत, ५.७ प्रतिशत र २९.५ प्रतिशतले वृद्धि भएको छ।


**तालिका (१): पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको खर्चको स्थिति (रु.करोड)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | ५२६९६.८० | ६२५५८.८९ | ७०६७६.५९ | ६४४०२.५४ | ६७८०९.०३ |
| पूँजीगत | १०५७२.६८ | १०३७९.११ | १०७२४.३४ | ९७३७.७४ | १०२९०.०८ |
| वित्तीय व्यवस्था | ५७५८.८५ | ६४९६.५६ | १२९०४.२३ | १६७९८.८६ | २१७५३.०१ |
| **जम्मा** | **६९०२८.३३** | **७९४३४.५६** | **९४३०५.१६** | **९०९३९.१४** | **९९८५२.१२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. कुल खर्चमा वित्तीय व्यवस्था तर्फको खर्चमा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ को चैतसम्मको कुल खर्चमा वित्तीय व्यवस्था तर्फको खर्च ८.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा उक्त खर्च २१.८ प्रतिशत पुगेको छ। ऋणको सावाँ फिर्ता रकम बढेसँगै यस्तो खर्चमा वृद्धि भएको हो।

**चार्ट (१): विगत पाँच आर्थिक वर्षको चैतसम्मको खर्चको अवस्था (कुल खर्चको अनुपातमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. चालु आर्थिक वर्षको चैतसम्मको कुल खर्चमध्ये असोजमा सबैभन्दा बढी १९.२ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम साउन महिनामा ४.० प्रतिशत रकम खर्च भएको छ। चालु प्रकृतिका खर्चमा भएको वृद्धिले खर्च भार बढी भएको हो।

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६

### तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. करोड)

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार | प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| साउन | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०४ | ४.० |
| भदौ | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.१० | ९.७ |
| असोज | १४६८६.५६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८४ | ०.१९ | १९.२ |
| कात्तिक | ६२६७.४६ | ५१५.६४ | १७९८.८० | ८५८१.९० | ०.०९ | ८.६ |
| मङ्सिर | ७,१०२.४७ | ६२६.९६ | ६,३८०.३३ | १४,१०९.७६ | ०.१४ | १४.१ |
| पुष | ८,८४५.१६ | १,६१३.४४ | ६८९.८२ | ११,१४८.४२ | ०.११ | ११.२ |
| माघ | ७,०६२.२३ | १,१४८.०९ | ५१४.८३ | ८,७२५.१५ | ०.०९ | ८.७ |
| फागुन | ६२९९.४४ | १४१४.९१ | ९१५.०१ | ८६२९.३६ | ०.०९ | ८.६ |
| चैत | ९२४७.०६ | २०३३.५८ | ४४५६.७८ | १५७३७.४२ | ०.१६ | १५.८ |
| **जम्मा** | **६७८०९** | **१०२९०.०८** | **२१७५३.०१** | **९९८५२.१२** | **१.००** | **१००.०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

४. राजस्व सङ्कलन वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को चैतसम्म संघीय सरकारको कुल राजस्व अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ७ खर्ब ४८ अर्ब ४ करोडको तुलनामा ११.१ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ३१ अर्ब ३७ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ८९.५ प्रतिशत र १०.५ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ८ खर्ब ४१ अर्ब १३ करोड पुगेको छ।


### तालिका (३): पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | ६३६६९.७५ | ७२७७८.८० | ६१६११.८२ | ६७१११.५६ | ७४४१३.५२ |
| गैरकर | ४७१७.२७ | ६१४७.२४ | ६७६८.७४ | ७६९२.५६ | ८७२३.५४ |
| **कुल राजस्व** | **६८३८७.०२** | **७८९२६.०४** | **६८३८०.५६** | **७४८०४.१२** | **८३१३७.०६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. विगत पाँच आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७९/८० मा बाह्यक्षेत्र सन्तुलनका लागि लागू गरिएको आयात नियन्त्रण नीतिको कारण उच्च दरले घटेको राजस्व सङ्कलन अन्य वर्षहरुमा भने वृद्धि भएको छ।


### चार्ट (२): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोड)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. गत आर्थिक वर्षको चैत महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सङ्कलित कुल राजस्वमा आय कर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ भने अन्य शीर्षकको हिस्सा बढेको छ।

### चार्ट (३): पछिल्लो २ आर्थिक वर्षको चैतसम्मको सङ्कलित राजस्वको संरचना




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको चैतसम्म ब्याज कर सङ्कलन १६.७ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको हो।

### तालिका (४) : पछिल्लो दुई आर्थिक वर्षको चैतसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०८१/८२ वार्षिक लक्ष्य रू करोडमा | आ.व. २०८०/८१ चैतसम्मको सङ्कलन | २०८१/८२ चैतसम्मको सङ्कलन | चैतसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) | वार्षिक लक्ष्यको तुलनामा असूली | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **३०७३६.२३** | **१४३९७.०७** | **१६३६९.२१** | **२२४१०.३९** | **७३.०** | **५३.३** | **१३.७** |
| **मूल्य अभिवृद्धि कर** | **३८६५२.००** | **२१८१४.८२** | **२३९८७.३८** | **२७८१४.२५** | **८६.२** | **६२.१** | **१०.०** |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | ८७२१.६३ | १००८८.१९ | ११४७१.७१ | ८७.९ | ६१.४ | १५.७ |
| पैठारी | २२२१५.३४ | १३०९३.१९ | १३८९९.१९ | १६३४२.५३ | ८५.० | ६२.६ | ६.२ |
| **अन्त:शुल्क** | **१९४९६.१६** | **१०४४१.५७** | **१२३९८.१२** | **१३६६२.६५** | **९०.७** | **६३.६** | **१८.७** |
| आन्तरिक उत्पादन | १४१८०.५८ | ७७३७.०४ | ९१४९.६१ | ९७७९.६१ | ९३.६ | ६४.५ | १८.३ |
| पैठारी | ५३१५.५८ | २७०४.५३ | ३२४८.५२ | ३८८३.०४ | ८३.७ | ६१.१ | २०.१ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **२३७.८१** | **२९८.०८** | **२३४.१६** | **१२७.३** | **६४.०** | **२५.३** |
| **आयकर** | **३९०७०.८१** | **२०२२०.२८** | **२१३६०.७३** | **२७९८४.३०** | **७६.३** | **५४.७** | **५.६** |
| आयकर | ३४०६२.३० | १७३८३.१८ | १८९९८.१५ | २४४३७.१८ | ७७.७ | ५५.८ | ९.३ |
| ब्याज कर | ५००८.५१ | २८३७.०९ | २३६२.५८ | ३५४७.१३ | ६६.६ | ४७.२ | -१६.७ |
| **कर राजस्व** | **१२८४२०.९६** | **६७१११.५५** | **७४४१३.५२** | **९२१०५.७५** | **८०.८** | **५७.९** | **१०.९** |
| **गैर कर** | **१३५०९.३४** | **७६९२.५६** | **८७२३.५४** | **९५७७.५८** | **९१.१** | **६४.६** | **१३.४** |

| कर शीर्षक | आ.व.२०८१/८२ वार्षिक लक्ष्य रू करोडमा | आ.व. २०८०/८१ चैतसम्मको सङ्कलन | २०८१/८२ चैतसम्मको सङ्कलन | चैतसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) | वार्षिक लक्ष्यको तुलनामा असूली | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| कूल राजस्व | १४१९३०.३० | ७४८०४.११ | ८३१३७.०६ | १०१६८३.३३ | ८१.८ | ५८.६ | ११.१ |
| अन्य प्राप्ति | ०.०० | २२२३.७४ | ९७६.२७ | ०.०० | - | - | -५६.१ |
| जम्मा राजस्व/प्राप्ति | १४१९३०.३० | ७७०२७.८५ | ८४११३.३३ | १०१६८३.३३ | ८२.७ | ५९.३ | ९.२ |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत भन्सार बिन्दुमा सङ्कलन हुने पैठारी कर, निकासी कर, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

५. यस अवधिसम्म शिक्षा सेवा शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ८१.८ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ५८.६ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

६. चालु आर्थिक वर्षको चैतसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ५९ अर्ब ३८ करोड ५५ लाखको तुलनामा ११.१ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ३१ अर्ब ९५ करोड ९६ लाख पुगेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १२.१ प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

७. स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को चैतसम्म ५ लाख ७३ हजार ६ सय ८२ स्थायी लेखा नम्बर लिएका करदाता थप भएका छन्। यससँगै स्थायी लेखा नम्बर लिएका करदाताको कुल सङ्ख्या ६७ लाख ९९ हजार ८ सय १५ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः २९.९ प्रतिशत, ०.५ प्रतिशत र ६९.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४५ हजार ९ सय ७८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २४ हजार २ सय ६४ पुगेको छ।

### तालिका (५) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८१ असार मसान्त | आ.व. २०८०/८१ को चैतसम्ममा थप | आ.व. २०८१/८२ को चैतसम्ममा थप | हालसम्मको जम्मा # |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १९४४१०१ | ९०३०७ | ९१७७३ | २,०३५,८७४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ३३३२८ | ३९८७ | १८३९ | ३५,१६७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ४२४८७०४ | ४५७२७३ | ४८००७० | ४,७२८,७७४ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **५५१,५६७** | **५७३६८२** | **६,७९९,८१५** |
| मू.अ.कर | ३२७४१७ | २०४१२ | १८५६१ | ३४५,९७८ |
| अन्तः शुल्क | ११७३६८ | ७४७७ | ६८९६ | १२४,२६४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीवाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।


## वैदेशिक सहायता प्रतिवद्धता

८. चालु आर्थिक वर्षको चैतसम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रु. २ खर्ब २१ अर्ब ९९ करोड ८७ लाख पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश २५.७ प्रतिशत रहेको छ भने ऋणको अंश ७४.३

प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब २ अर्ब १४ करोड ११ लाख रहेको थियो।

९. कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी रकम ऊर्जा क्षेत्रमा २५.४ प्रतिशत प्राप्त भएको छ भने सबैभन्दा कम रकम सुशासन क्षेत्रमा ०.२ प्रतिशत प्राप्त भएको छ।

### चार्ट (४): वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत विवरण




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २६ खर्ब ६७ अर्ब २७ करोड पुगेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४८.८ प्रतिशत र ५१.२ प्रतिशत रहेको छ।

११. यस अवधिमा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब ७० अर्ब १० करोड र बाह्य ऋणतर्फ रु. ३२ अर्ब ९३ करोड गरी कुल रु. २ खर्ब ३ अर्ब ३ करोड सावाँ भुक्तानी गरेको छ भने यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ४२ अर्ब ८४ करोड र बाह्य ऋणतर्फ रु. ६ अर्ब ६२ करोड गरी कुल रु. ४९ अर्ब ४६ करोड ब्याज भुक्तानी गरेको छ।

१२. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म संघीय सरकारले आन्तरिक ऋण रु. २ खर्ब ९१ अर्ब १४ करोड र बाह्य ऋण रु. ७४ अर्ब ९६ करोड गरी कुल रु. ३ खर्ब ६६ अर्ब १० करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१३. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत (रु. ३ खर्ब ६८ अर्ब ४७ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको चैतमसान्तमा यस्तो निक्षेप ७.२ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ चैतसम्म बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ११.५ प्रतिशतले वृद्धि भएको छ।

१४. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रु. ३ खर्ब ६१ अर्ब ३ करोडले बढेको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा रु. २ खर्ब २२ अर्ब २१ करोडले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ चैतसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.३ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८१ चैत मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। २०८० चैतमा उक्त सङ्ख्या ११० रहेको थियो। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८० चैत मसान्तमा ११ हजार ५ सय ९० रहेकोमा २०८१ को सोही अवधिमा ११ हजार ५ सय १६ रहेको छ।

१६. निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० चैतमा ६.५३ प्रतिशत रहेको वाणिज्य बैंकको निक्षेपको ब्याजदर २०८१ चैतमा ४.४५ प्रतिशतमा झरेको छ भने उक्त अवधिमा कर्जाको ब्याजदर १०.५५ प्रतिशतबाट ८.२२ प्रतिशतमा झरेको छ।

१७. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० चैतमा कुल निक्षेपको ४.५४ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ को सोही अवधिमा ५.३ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

१८. बीमा क्षेत्रका परिसूचकहरु बढेका छन्। कुल बीमालेख सङ्ख्या, बीमाशुल्क सङ्कलन र बीमाको दायरामा आएको जनसङ्ख्या समेत वृद्धि भएको छ।

१९. चालु आर्थिक वर्षको चैतसम्म जारी भएको बीमालेख सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई १ करोड ४३ लाख ९९ हजार ५ सय ७३ पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि, निर्जीवन बीमालेख तथा म्यादी र लघु म्यादी बीमालेख सङ्ख्यामा समेत वृद्धि भए तापनि अन्य जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल बीमालेख सङ्ख्या १ करोड ३८ लाख ६६ हजार ६ सय १५ रहेको थियो।

२०. चालु आर्थिक वर्षको चैतसम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.९३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५९ अर्ब ८५ करोड ३६ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १ खर्ब ४० अर्ब ३१ करोड ४६ लाख रहेको थियो।


२१. चालु आर्थिक वर्षको चैतसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४४.६४ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.३२ प्रतिशत रहेको थियो।

२२. यस अवधिको कुल बीमालेखमध्ये जीवन बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ८५.७ प्रतिशत र १४.३ प्रतिशत रहेको छ। गत वर्षको चैतसम्म यस्तो हिस्सा क्रमशः ८६.० प्रतिशत र १४.० प्रतिशत रहेको थियो। यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.५ प्रतिशत र २०.५ प्रतिशत रहेको छ।

## पूँजी बजार

२३. २०८१ चैत मसान्तमा नेप्से सूचकाङ्क २६६२.०८ बिन्दुमा रहेको छ। २०८० को सोही अवधिमा नेप्से सूचकाङ्क २०२५.७१ बिन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण १२.८ प्रतिशतले वृद्धि भई रु. ४४ खर्ब २५ अर्ब ४० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३२ खर्ब १२ अर्ब १ करोड रहेको थियो।


चार्ट (५): पछिल्लो ५ वर्षको चैत मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२४. २०८१ चैत महिनाको १ गते २७१४.८५ बिन्दुमा रहेको नेप्से सूचकाङ्क चैत १२ गते महिनाकै न्यून बिन्दुमा झरेको थियो भने विभिन्न उतार चढावसँगै महिनाको अन्तिम कारोवार भएको दिन चैत ३१ गते २६६२.०८ बिन्दुमा रहेको छ।

**चार्ट (६): २०८१ चैत महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२५. २०८१ को चैतमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.३९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.६१ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.२५ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.२२ प्रतिशत र ४.२० प्रतिशत रहेको थियो।

२६. चालु आर्थिक वर्षको साउन देखि चैतसम्मको औसत मुद्रास्फीति ४.५७ प्रतिशत रहेको छ।

## मुद्राप्रदाय

२७. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा विस्तृत मुद्राप्रदाय ६.२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.४ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ चैत मसान्तमा विस्तृत मुद्राप्रदाय ११.६ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

२८. चालु आर्थिक वर्षको पहिलो नौ महिनाको अवधिमा कुल व्यापार १६.९ प्रतिशतले बढेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षको चैतसम्ममा निर्यात आयात अनुपात सबैभन्दा उच्च १४.३७ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १२.५७ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को चैतसम्ममा निर्यात आयात अनुपात १०.९५ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश ९.८७ प्रतिशत पुगेको थियो। अन्य आर्थिक वर्षमा उक्त अनुपात न्यून रहेको छ।

**तालिका (६) : पछिल्लो पाँच आर्थिक वर्षको चैत महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोड)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | १११३९.५० | १४६६६६.२५ | १२०१५०.९८ | ११६७३७.०५ | १३०९५३.१७ |
| निर्यात | ९४७६.५९ | १६०५७.१४ | ११८२७.९७ | ११३९४.४५ | १८८१९.४२ |
| कुल व्यापार | १२०६१६.०९ | १६२७२३.३९ | १३१९७८.९५ | १२८१३१.५० | १४९७७२.५९ |
| व्यापार घाटा | १०१६६२.९१ | १३०६०९.११ | १०८३२३.०१ | १०५३४२.६० | ११२१३३.७५ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.५३ | १०.९५ | ९.८४ | ९.७६ | १४.३७ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.८६ | ९.८७ | ८.९६ | ८.८९ | १२.५७ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.१४ | ९०.१३ | ९१.०४ | ९१.११ | ८७.४३ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

२९. आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६५.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८८ अर्ब १९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब १३ अर्ब ९४ करोड रहेको थियो। २०८१ चैतसम्ममा भटमासको प्रशोधित तेल तथा सूर्यमूखीको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ भने जुटका कपडा, सेन्थेटिक यार्न, प्लाइउड लगायतका वस्तुको निर्यातमा समेत वृद्धि भएको छ। यस अवधिमा फलामे पाता, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३०. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ७९.७ प्रतिशत, १.२ प्रतिशत र १९.१ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६८.३ प्रतिशत, १.९ प्रतिशत र २९.८ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत, चीन र अन्य मुललुकतर्फ भएको निर्यातमा क्रमशः ९२.६ प्रतिशत, ६.७ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको छ।

### तालिका (७): पछिल्लो दुई आर्थिक वर्षको चैत महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति
(रु. करोड)

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ८२.९ | ६२७८.२३ | ७४७३.३ |
| सेन्थेटिक यार्न | ८६४.८१ | १०४४.७९ | २०.८ |
| सुर्यमुखिको प्रशोधित तेल | १५.६ | ९२३.२८ | ५८१८.५ |
| उनी गलैंचा कार्पेट | ७८१.७१ | ८०९.७६ | ३.६ |
| फलामे पाता | ८६३.५७ | ६८१.०१ | -२१.१ |
| अलैची | ६२८.३१ | ६२६.०९ | -०.४ |
| तयारी कपडा | ६४४.७९ | ६०९.८१ | -५.४ |
| प्लाइउड | ५४४.७२ | ५९३.१८ | ८.९ |
| फलफुलको जुस | ६३५.१५ | ५७८.५५ | -८.९ |
| जुटका बुनिएका कपडा | ३४०.३७ | ४४९.०५ | ३१.९ |
| अन्य | ५९९२.५४ | ६२२५.६७ | ३.९ |
| **कुल** | **११३९४.४७** | **१८८१९.४२** | **६५.२** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३२. चालु आर्थिक वर्ष २०८१/८२ को चैतसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.२ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ९ अर्ब ५३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ११ खर्ब ६७ अर्ब ३७ करोड रहेको थियो।

३३. चालु आर्थिक वर्षको चैतसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भटमासको कच्चा तेलको आयात उच्च दरले बढेको छ भने सूर्यमुखीको कच्चा तेल, शुद्ध फलाम, तयारी कपडा, मोबाइल टेलिफोन, एल पी ग्यास लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा डिजेल, एच.आर सीट, पेट्रोल लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा पेट्रोल र डिजेलको आयात परिमाणमा वृद्धि भएतापनि आयात मूल्यमा कमी आएको छ।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.० प्रतिशत, १८.९ प्रतिशत र २१.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६२.५ प्रतिशत, १८.६ प्रतिशत र १८.९ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको आयातमा क्रमशः ७.७ प्रतिशत १४.४ प्रतिशत र २४.९ प्रतिशतले वृद्धि भएको छ।

### तालिका (८): पछिल्लो दुई आर्थिक वर्षको चैत महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति
(रु. करोड)

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १०३२२.८४ | ९१२६.०३ | -११.६ |
| भटमासको तेल कच्चा | १०८२.७९ | ६६०५.६६ | ५१०.१ |
| पेट्रोल | ५०२५.३९ | ४७७७.६४ | -४.९ |
| एल पि ग्यास | ४१००.८ | ४६५८.७२ | १३.६ |
| शुद्ध फलाम | २८९३.७६ | ३७८९.४७ | ३१.० |


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| तयारी कपडा | २६८१.३८ | ३१९९.५ | १९.३ |
| एच.आर.सिट | ३३३१.४४ | ३०१३.५३ | -९.५ |
| मोवाइल टेलिफोन | २२७९.०७ | २६९५.९६ | १८.३ |
| अन्य एलोपेथीक औषधी | २०५६.१ | २२८९.४८ | ११.४ |
| सुर्यमुखिको कच्चा तेल | १२६३.०१ | २२६४.६१ | ७९.३ |
| अन्य | ८१७००.४८ | ८८५३२.५७ | ८.४ |
| **कुल** | **११६,७३७.०६** | **१३०,९५३.१७** | **१२.२** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३६. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब २१ अर्ब ३४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २.८ प्रतिशतले सुधार भएको थियो। कुल वस्तु निर्यातको वृद्धिदर वस्तु आयातभन्दा बढी भए तापनि आयात व्यापारको आकार बढी हुँदा व्यापार घाटा वृद्धि भएको हो। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा बाह्य क्षेत्र सुधारका लागि आयात नियन्त्रणको नीति लागू भए पश्चात् क्रमशः १७.१ प्रतिशत र २.८ प्रतिशतले सुधार भएको वस्तु व्यापार घाटा अन्य वर्षमा भने वृद्धि भएको छ।


चार्ट (७):पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्ब)




स्रोतः भन्सार विभाग।

३७ नेपालको व्यापार संरचनामा सुधार हुन सकेको छैन। कुल व्यापारमा निर्यातको तुलनामा आयातको हिस्सा धेरै छ। विगत पाँच आर्थिक वर्षको चैतसम्मको कुल व्यापारमा निर्यातको हिस्सा चालु आर्थिक वर्षमा सबैभन्दा बढी १२.६ प्रतिशत पुगेको छ। सीमित वस्तुको मात्र निर्यात वृद्धि भएकोले निर्यातको आधार सबल बनाई धेरै वस्तु निर्यात गर्न अपरिहार्य देखिन्छ। तसर्थ, व्यापार वृद्धि तथा यसको दिगोपनाको लागि पहल गर्नुपर्ने देखिन्छ।

चार्ट (८):पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको वस्तु व्यापारको अवस्था (प्रतिशतमा)




स्रोतः भन्सार विभाग ।

## सेवा व्यापार

३८. आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १ खर्ब ८१ अर्ब २६ करोडको तुलनामा २.२ प्रतिशतले कमी आई रु. १ खर्ब ७७ अर्ब १९ करोड रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. २ खर्ब ३१ अर्ब ९९ करोडको तुलनामा ११.५ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ५८ अर्ब ७३ करोड पुगेको छ।

३९. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म खुद सेवा आय रु. ८१ अर्ब ५४ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रु.५० अर्ब ७३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४०. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ९१ अर्ब ३१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह रु. १० खर्ब ८२ अर्ब ६५ करोड रहेको थियो। यस अवधिको आप्रवाह अमेरिकी डलरमा ७.३ प्रतिशतले वृद्धि भई ८ अर्ब ७३ करोड ८७ लाख डलर पुगेको छ।

४१. नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको चैतसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ९.३ प्रतिशतले वृद्धि भई ३ लाख ५८ हजार २ सय २२ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १५.५ प्रतिशतले घटेर ३ लाख २७ हजार ८ सय ४२ रहेको थियो।

४२. यस अवधिमा पुनः श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत १८.२ प्रतिशतले वृद्धि भई २ लाख ४९ हजार ६ सय ५२ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। चालु खाता गत आर्थिक वर्षको चैतसम्म रू. १ खर्ब ७९ अर्ब ८३ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू. २ खर्ब १० अर्ब २२ करोडले बचतमा रहेको छ। यस अवधिमा चालु खाता अमेरिकी डलरमा १ अर्ब ५५ करोडले बचतमा रहेको छ।

४४. आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा शोधनान्तर स्थिति रु. ३ खर्ब ४६ अर्ब २३ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ३ खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको थियो। चालु आर्थिक वर्षको चैत मसान्तमा शोधनान्तर बचत अमेरिकी डलरमा २ अर्ब २९ करोड रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४५. २०८१ चैतसम्म कुल विदेशी विनिमय सञ्चिति २०८० को सोही अवधिको तुलनामा ६.८ प्रतिशतले वृद्धि भई रू. २४ खर्ब २६ अर्ब ८४ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति १७ अर्ब ६३ करोड पुगेको छ।

४६. आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १७.१ महिनाको वस्तु आयात तथा १४.२ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४७. २०८१ असार मसान्तको तुलनामा २०८१ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ४.९२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३७.३७ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

## पर्यटक आगमन

४८. पर्यटक आगमनमा सिमान्त दरले कमी आएको छ। सन् २०२५ को अप्रिल सम्ममा नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या ०.२ प्रतिशतले न्यून भई ४ लाख १५ हजार ४८ मा झरेको छ। गत वर्षको सोही अवधिमा नेपाल आएका पर्यटकको सङ्ख्या ४ लाख १६ हजार ६९ रहेको थियो।

४९. सन् २०२४ को अगस्टदेखि २०२५ को अप्रिलसम्म नेपाल आउने पर्यटकको सङ्ख्या १.० प्रतिशतले वृद्धि भई ७ लाख ४५ हजार ९ सय ८६ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ७ लाख ३८ हजार ५ सय ७३ रहेको थियो।

५०. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म भ्रमण आयमा ९.५ प्रतिशतले वृद्धि भई रु. ६६ अर्ब ५४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. ६० अर्ब ७७ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा १९.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७० अर्ब ३९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु. १ खर्ब ४३ अर्ब २२ करोड रहेको थियो।

५१. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. १ खर्ब ३ अर्ब ८४ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व. को सोही अवधिमा यस्तो रकम रु. ९५ अर्ब ८५ करोड रहेको थियो। चालु आर्थिक वर्षको चैतसम्म शिक्षा क्षेत्रमा रु. ३ अर्ब ३४ करोड रकम भित्रिएको छ।

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| **वास्तविक क्षेत्र** | | | | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशतमा | ४.६१ प्रतिशत | | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशतमा | ४.०९ | ३.८६ | ४.८२ | ५.६० | ६.०५ | ५.४१ | ४.१६ | ३.७५ | ३.३९ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ६.१५ | ५.०१ | ७.१८ | ९.१० | ९.९९ | ७.६७ | ४.९५ | ३.३४ | २.४५ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | २.९५ | ३.१९ | ३.५० | ३.७० | ३.९२ | ४.१९ | ३.७४ | ३.९७ | ३.९० |
| **सार्वजनिक वित्त** | | | | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७७४१ | १४५१९ | २१९६८ | २८९९० | ३६२५८ | ४८९४० | ५६५६४ | ६३८८० | ७४४१४ |
| गैरकर राजस्व | रु. करोडमा | १७३३ | २११९ | २८५८ | ३३३४ | ३७०२ | ७०२१ | ७७२१ | ८१५५ | ८७२४ |
| **कूल राजस्व** | **रु. करोडमा** | **९४७४** | **१६६३८** | **२४८२६** | **३२३२४** | **३९९६०** | **५५९६१** | **६४२८५** | **७२०३५** | **८३१३७** |
| अन्य प्राप्ति | रु. करोडमा | २२१ | ३१३ | ४७५ | ५७८ | ६१७ | ७७९ | ८०६ | ९३१ | ९७६ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **९६९५** | **१६९५१** | **२५३०१** | **३२९०२** | **४०५७७** | **५६७४०** | **६५०९१** | **७२९६६** | **८४११३** |
| चालु खर्च | रु. करोडमा | १२३८ | ८२९९ | २२९८५ | २९२५३ | ३६३५५ | ४५२०० | ५२२६३ | ५८५६२ | ६७८०९ |
| पूँजीगत खर्च | रु. करोडमा | ८५५ | १४८९ | २९३७ | ३४५३ | ४०८० | ५६९४ | ६८४२ | ८२५७ | १०२९० |
| वित्तीय व्यवस्था | रु. करोडमा | १९२७ | ३९६७ | ६९९७ | ८७९६ | १५१७७ | १५८६६ | १६३८१ | १७२९६ | २१७५३ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **४०२०** | **१३७५५** | **३२९१९** | **४१५०२** | **५५६१२** | **६६७६०** | **७५४८५** | **८४११५** | **९९८५२** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | १२०३९० | १२३५९० | १२३६३० | १२५२१६ | १२१७६६ | १२३४७१ | १२८२८१ | १३१५५८ | १३०१९४ |

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८1/८2 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | १२६८५४ | १२९२७२ | १२८६७४ | १२६५९० | १२७४७५ | १३०१४२ | १३२८२५ | १३६०४६ | १३६५३२ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२४७२४४** | **२५२८६२** | **२५२३०४** | **२५१८०६** | **२४९२४१** | **२५३६१३** | **२६११०६** | **२६७६०४** | **२६६७२७** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | ४००० | ९००० | ११५०० | १४४०० | १६४०० | १८१०५ | २२९१५ | २६९१५ | २९११४ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | ३५९ | १४०५ | २१३२ | २१७२ | २८२९ | ५९०३ | ६१४२ | ६५४७ | ७४९६ |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **४३५९** | **१०४०५** | **१३६३२** | **१६५७२** | **१९२२९** | **२४००९** | **२९०५८** | **३३४६२** | **३६६१०** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १७०० | ३५०० | ५९६० | ७२७४ | १२७२४ | १२७२४ | १२७२४ | १३४४८ | १७०१० |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२७ | ४६७ | ९४३ | १३५८ | १७३२ | २२४३ | २२९६ | २४५० | ३२९३ |
| आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी | रु. करोडमा | १९२७ | ३९६७ | ६९०३ | ८६३२ | १४४५६ | १४९६७ | १५०२१ | १५८९८ | २०३०३ |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता, अनुदान | रु. करोडमा | २६२ | २३७५ | २३७५ | २३७५ | ३७४८ | ५१२६ | ५६४२ | ५६९७ | ५६९७ |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता, ऋण | रु. करोडमा | १३४३ | १३४३ | १३४३ | ३३५६ | ५९२४ | १५१०३ | १६५०३ | १६५०३ | १६५०३ |
| **अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता** | **रु. करोडमा** | **१६०५** | **३७१८** | **३७१८** | **५७३१** | **९६७२** | **२०२२९** | **२२१४५** | **२२२००** | **२२२००** |
| स्थायी लेखा नम्बर (हालसम्म) | (हजारमा) | ६४१९ | ६३७२ | ६४१८ | ६४५९ | ६५२१ | ६५८९ | ६६६० | ६७३७ | ६८०० |
| सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | | | | | | |
| कर राजस्व | प्रतिशतमा | १०.३ | १३.५ | १०.१ | १४.० | ७.५ | १०.३ | १०.८ | १०.४ | १०.९ |
| गैर कर राजस्व | प्रतिशतमा | ९९.२ | ६१.५ | ४५.४ | ४९.२ | ४१.१ | ३२.६ | ३५.७ | ३५.१ | १३.४ |
| **कुल राजस्व** | **प्रतिशतमा** | **२०.१** | **१७.९** | **१३.३** | **१६.८** | **१०.०** | **१२.७** | **१३.३** | **१२.७** | **११.१** |

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८1/८2 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| अन्य प्राप्ति | प्रतिशतमा | -७६.१ | -७६.२ | -६९.३ | -६४.५ | -६५.२ | -५८.८ | -६२.४ | -५७.७ | -५६.१ |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **१०.०** | **९.९** | **७.९** | **१२.३** | **६.५** | **१०.१** | **१०.५** | **१०.४** | **९.२** |
| चालु खर्च | प्रतिशतमा | २.० | -५.३ | ७.७ | ७.९ | १.० | २.० | २.७ | ०.६ | ५.३ |
| पूँजीगत खर्च | प्रतिशतमा | ९३८.८ | ८२.५ | ६४.७ | १५.१ | १३.१ | १२.९ | ७.६ | १.७ | ५.७ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | -१२.७ | १२.३ | ४१.८ | ६१.५ | १६६.५ | ९८.० | ४३.५ | २५.१ | २९.५ |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **१४.७** | **४.९** | **१७.३** | **१६.७** | **२२.८** | **१६.४** | **९.९** | **४.९** | **९.८** |
| मुद्रा तथा बैंकिङ | | | | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.६ | १३.७ | १३.३ | १२.१ | ११.२ | १०.२ | १०.१ | ९.९ | ११.६ |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | १३.५ | ४.७ | ५.० | २.२ | ३.५ | १.९ | ४.२ | ३.३ | १४.७ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.७ | १३.७ | १३.१ | १२.० | ११.० | १०.१ | १०.० | ९.८ | ११.४ |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.९ | १३.८ | १२.८ | १२.६ | १०.९ | ९.९ | ९.७ | ९.५ | ११.५ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.७ | ६.३ | ६.१ | ५.१ | ४.९ | ४.८ | ४.३ | ३.९ | ६.८ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ६.२ | ६.६ | ६ | ६.२ | ७.० | ७.० | ७.३ | ७.७ | ८.३ |
| निक्षेपको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ५.६६ | ५.५३ | ५.२४ | ५.०१ | ४.७८ | ५ | ४.६२ | ४.५४ | ४.४५ |

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| कर्जाको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ९.६८ | ९.५२ | ९.३३ | ९.०७ | ८.९० | ८.६९ | ८.५५ | ८.४ | ८.२२ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | ७.६१ | ७.४९ | ७.२९ | ७.०२ | ६.८२ | ६.६५ | ६.४६ | ६.३४ | ६.२९ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५१४ | ११५३३ | ११५३९ | ११५४२ | ११५५० | ११५४५ | ११५४० | ११५४३ | ११५१६ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | ३०००.८१ | २५८०.७६ | २७४२.८९ | २७४८.७८ | २६८२.२९ | २५९४.१३ | २६८५.७३ | २७३६ | २६६२.०८ |
| बजार पूँजीकरण | रु. करोडमा | ४७६५९१ | ४१०३६२ | ४३६१४५ | ४३७६९० | ४४४९११ | ४३०२८८ | ४४५८५२ | ४५४३८१ | ४४२५४० |
| कुल बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २२८९ | ३८०१.५ | ५२८७.५१ | ६८०५.७७ | ८३६६.२० | १०२४९ | १२०७९ | १२०७९ | १५९८५ |
| बीमाको दायरामा आएको जनसङ्ख्या | प्रतिशतमा | ४२.७ | ४२.९२ | ४२.८४ | ४२.९२ | ४३.०२ | ४३.१ | ४३.९ | ४३.९ | ४४.६४ |
| **बाह्य क्षेत्र** | | | | | | | | | | |
| चालु खाता | रु. करोडमा | ३०८९ | ४९६९ | १११८७ | १४३४२ | १४०७१ | १४८१७ | १६६८० | १८००८ | २१०२२ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाखमा | २३० | ३७० | ८३४ | १०६५ | १०४० | १०८४ | १२३७ | १३३२ | १५४९ |
| शोधनान्तर स्थिति | रु. करोडमा | ४०९० | १०१७७ | १८४९९ | २०५८३ | २२५३४ | २४९२६ | २८४४१ | ३१०३७ | ३४६२३ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाखमा | ३०५ | ७५८ | १३७९ | १५२८ | १६६५ | १८२३ | २१०६ | २२९२ | २५५० |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | १३६९३.२ | २६३१३.९ | ४०७३०.९ | ५२१६३.५ | ६४०४३ | ७६३०८ | ९००५८ | १०५१७७ | ११९१३१ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | १०१९ | १९६० | ३०३७ | ३८७३ | ४७३३ | ५५८१ | ६६५० | ७७३६ | ८७३९ |

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८1/८2 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | २०९२२२ | २१५२५३ | २२३२२८ | २२५५३५ | २२७३२७ | २३१६८४ | २३६९०८ | २४०९२५ | २४२६८४ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | १५५७६ | १६०३६ | १६६०१ | १६७०१ | १६७५६ | १६८४४ | १७०५२ | १७२६६ | १७६२८ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १७.० | १७.० | १८.० | १८.० | १७.६ | १७.३ | १७.२ | १७.२ | १७.१ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १३.० | १४.० | १५.० | १५.१ | १४.६ | १४.४ | १४.४ | १४.३ | १४.२ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १२२३ | २५०९ | ३८३८ | ५२६७ | ७३६६ | ९८७९ | १२७२० | १५८१७ | १८८१९ |
| कुल वस्तु आयात | रु. करोडमा | १२८३८ | २६२५४ | ३९०७५ | ५१३३९ | ६६१४९ | ८२२३७ | ९८८५९ | ११४५५७ | १३०९५३ |
| कुल वैदेशिक व्यापार | रु. करोडमा | १४०६१ | २८७६३ | ४२९१३ | ५६६०६ | ७३५१५ | ९२११६ | १११५७९ | १३०३७४ | १४९७७२ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११६१५ | २३७४५ | ३५२३७ | ४६०७२ | ५८७८३ | ७२३५८ | ८६१३९ | ९८७४० | ११२१३४ |
| प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र) | रु. करोडमा | ८० | २७१ | ४८१ | ५७६ | ६०३ | ६५० | ७४५ | ८४९ | ८९६ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोडमा | ८५६ | १२१२ | १५४३ | १७०४ | २०७८ | २५७८ | २६८४ | ४४६६ | ५७९८ |
| भ्रमण आय | रु. करोडमा | ४४७ | १०५३ | १७७२ | २६८४ | ३५१९ | ४१८६ | ४९२१ | ५६७० | ६६५४ |
| भ्रमण खर्च | रु. करोडमा | २२५० | ४३४९ | ५५.७८ | ६८३१ | ८५०१ | १०१९२ | ११५८८ | १४८११ | १७०३९ |
| बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | १८.० | १५.२ | ११.५ | ९.१ | ४.४ | ४.१ | ७.३ | ९.४ | १०.० |

| सूचक/परिसूचक | | आर्थिक वर्ष २०८1/८2 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | १६.७ | १३.५ | १०.२ | ७.५ | २.५ | १.१ | ५.३ | ६.९ | ७.३ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३३.० | ३४.६ | ३५.९ | ३२.९ | २८.६ | २७.५ | २८.४ | २८.६ | २६.९ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | ३१.४ | ३३.५ | ३४.६ | ३०.९ | २५.९ | २३.० | २२.८ | २२.१ | -८७.७ |
| वस्तु निर्यात | प्रतिशतमा | -९.६ | -५.१ | -६.१ | ४.२ | १६.५ | ३१.८ | ४६.५ | ५७.२ | ६५.२ |
| वस्तु आयात | प्रतिशतमा | -०.७ | १.१ | -४.२ | ०.२ | ३.० | ७.१ | १०.१ | ११.२ | १२.२ |
| कुल वैदेशिक व्यापार | प्रतिशतमा | -१.५ | ०.५ | -४.३ | ०.५ | ४.२ | ९.३ | १३.३ | १५.३ | १६.९ |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | ०.४ | १.८ | -४.० | -०.३ | १.५ | ४.४ | ६.२ | ६.२ | ६.४ |
| वैदेशिक लगानी आप्रवाह (ईक्विटि मात्र) | प्रतिशतमा | -६९.८ | -९.७ | ४२.३ | ५७.८ | ५३.४ | ४३.२ | ४३.५ | ५०.८ | ३८.१ |
| भ्रमण आय | प्रतिशतमा | १.६ | १२.० | ३.४ | ४.३ | ३.१ | ५.१ | ७.७ | ९.७ | ९.५ |
| भ्रमण खर्च | प्रतिशतमा | ३०.४ | २२.२ | -९८.९ | १०.३ | १२.३ | ९.७ | १०.६ | २०.६ | १९.० |